**बैठक संख्या : १५**

आजमिति २०७५ साल बैशाख ३० गतेका दिन गाउपालिका अध्यक्ष श्री लछिमन बोहोरा ज्युको अध्यक्षतामा गाउकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री लछिमन बोहोरा | अध्यक्ष |
| श्री पुन्नकलीमहतरा | उपाध्यक्ष |
| श्री दक्तबहादुर बुढा | सदस्य |
| श्री कन्न बोहोरा | सदस्य |
| श्री बिर्षराम बोहोरा | सदस्य |
| श्री कालिबहादुर रावत | सदस्य |
| श्री डिल बहादुर बुढा | सदस्य |
| श्री धनबहादुर थापा | सदस्य |
| श्री लालबहादुर बुढा | सदस्य |
| श्री लक्ष्मी बोहोरा | सदस्य |
| श्री जालकली बुढा | सदस्य |
| श्री माया बुढा | सदस्य माया |
| श्री चैत्री ऐडी | सदस्य |
| श्री मैना कामी | सदस्य |
| श्री पानकली नेपाली | सदस्य |
| श्री रामवहादुर बुढा,प्रमुख प्रशासकियअधिकृत | सदस्य सचिव |

**आमन्त्रितहरु**

१. श्री दान बहादुर शाही ना.प्र.(योजना शाखा)
~~श्री नैन बुढा~~ का.स.
~~श्री विष्णु ब. बुढा~~ का.स.
४. श्री महा लक्ष्मी पाण्डे
श्री लक्ष्मीकान्ता जोशी
श्री विष्णु ब. बुढा
नैन बुढा

**बैठककाएजेण्डाहरु**

- ❖ अनुगमन तथा सुपरीवेक्षण समिति गठन सम्वन्धमा
- ❖ उर्थु पेरे चोत्रा सडकका लागि विशेष अनुगमन तथा सहजीकरण समिति गठन सम्वन्धमा
- ❖ जग्गा खरिद तथा मुल्यांकन समिति गठन सम्वन्धमा ।
- ❖ विभिन्न ऐन मस्यौदा समिति गठन सम्वन्धमा ।
- ❖ योजना तर्जुमा पुर्व तयारी गोष्ठी,वडा स्तरिय योजना तर्जुमा गोष्ठी र बिषयगत गोष्ठी सम्वन्धमा
- ❖ चुकेनी जलविद्युत सर्भेक्षण,उत्पादन,प्रसारण तथा वितरण अनुमति सम्वन्धमा ।
- ❖ अन्य विविध

Scanned with CamScanner

निर्णयहरु

निर्णय नं.–१

स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ को बुदा नं.-६.२१ मा व्यवस्था भए बमोजिम गाउपालिका उपाध्यक्ष श्री पुन्नकली महतरा ज्युको संयोजकत्वमा देहायका पाँच सदस्यीय गाउपालिका स्तरिय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

संयोजक श्री पुन्नकली महतरा,गाउपालिका उपाध्यक्ष

सदस्य श्री राम बहादुर बुढा,प्रमुख प्रशासकीय अधिकृत

सदस्य श्री लक्ष्मी बोहोरा,वडा नं.६ कार्यापालिका सदस्य

सदस्य श्री मैना नेपाली,वडा नं.४,कार्यपालिका सदस्य

सदस्य सचिव श्री दान बहादुर शाही,ना.सु.,योजना अनुगमन शाखा

निर्णय नं.–२

आ.व.०७४/७५ को स्विकृत कार्यक्रम बमोजिम उर्थु पेरे चोत्रा सडक निर्माण तथा स्तरोन्नति कार्यका लागि ठेक्का आव्हान भै सम्झौता समेत भएको हुंदा शुरु चेनेज देखि काम गर्नु पर्ने साथै गाउपालिका स्तरिय योजनाहरुमा पहिलो पटक ठेक्का आव्हान गरी काम शुरु गर्न लागिएको हुंदा उक्त सडकको अनुगमन तथा सहजीकरण गर्ने प्रयोजनका लागि देहाय बमोजिमका ५ सदस्यीय बिशेष अनुगमन तथा सहजीकरण उप-समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

संयोजक श्री धन बहादुर थापा,वडा नं.-६ का वडाध्यक्ष

सदस्य श्री कालि बहादुर रावत,वडा नं.-४ का वडाध्यक्ष

सदस्य श्री डिल बहादुर बुढा,वडा नं.-५ का वडाध्यक्ष

सदस्य श्री बिर्षराम बोहोरा,वडा नं.-३ का वडाध्यक्ष

सदस्य श्री माया बुढा,वडा नं.-७,गाउकार्यपालिका सदस्य

निर्णय नं.–३

यस पातारासी गाउपालिकाको लागि जग्गा आवश्यक भै सूचना आव्हान गरिए बमोजिम प्राप्त जग्गा बिक्रीकर्ताहरुको निवेदनलाई अध्ययन गरी जग्गा उपलब्ध गराउने प्रयोजनका लागि देहाय बमोजिम जग्गा खरिद तथा मुल्यांकन समिति गठन गर्ने र यथाशिघ्र प्रक्रिया पुर्याइ कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

**तपसिल**

संयोजक श्री लछिमन बोहोरा,गाउपालिका अध्यक्ष

सदस्य श्री कालि बहादुर रावत,वडा नं.-४ का वडाध्यक्ष

सदस्य श्री राम बहादुर बुढा,प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं.–४

देशमा संघीयता कार्यान्वयन भैरहेको अवस्थामा शिक्षा,स्वास्थ्य,पशु,कृषि तथा सहकारीहरुका चल अचल सम्पति सहित अभिलेख हस्तान्तरण भैसकेको र कतिपय काम गर्दा कानुनी अस्पष्टता भएको हुंदा स्थानीय सरकारको हैसियतले गाउपालिका स्तरिय लागु हुने गरी ऐन नियमहरु निर्माण गर्नु पर्ने भएको हुंदा देहायका बिषयगत क्षेत्रको ऐनहरु निर्माण गर्न देहायका ऐन निर्माण मस्यौदा समिति गठन गर्ने निर्णय गरियो ।

**तपसिल**

क) शिक्षा ऐन मस्यौदा समिति

संयोजक श्री धन बहादुर थापा,वडा अध्यक्ष,वडा नं.६

सदस्य श्री बिर्षराम बोहोरा,वडा अध्यक्ष,वडा नं.३

सदस्य श्री चैती ऐडी,कार्यपालिका सदस्य

सदस्य श्री भिम नेपाली,प्र.अ.,रिनी विद्यालय

सदस्य श्री टिकाराज न्यौपाने,वि.नि.

ख) न्यायिक ऐन मस्यौदा समिति

संयोजक श्री पुन्नकली महतरा,गाउपालिका उपाध्यक्ष

सदस्य श्री कालि बहादुर रावत,वडा अध्यक्ष,वडा नं.४

सदस्य श्री लाल बहादुर बुढा,वडा अध्यक्ष,वडा नं.७
सदस्य श्री जालकला बुढा,कार्यपालिका सदस्य,वडा नं.५
सदस्य श्री लक्ष्मीकान्त न्यौपाने,ना.सु.

ग) सहकारी ऐन मस्यौदा समिति

संयोजक श्री डिल बहादुर बुढा,वडा अध्यक्ष ,वडा नं.५
सदस्य श्री दत्त बहादुर बुढा,वडा अध्यक्ष,वडा नं.१
सदस्य श्री भक्तिलाल बुढा,ना.सु.

निर्णय नं.–५

आगामी आ.व.०७५/७६ को योजना तथा बजेट तर्जुमाका लागि देहाय बमोजिम कार्यतालिका स्विकृत गर्ने निर्णय गरियो ।

तपसिल

## वडा स्तरीय योजना तर्जुमा गोष्ठी(आ.व.०७५/७६)

| वडा नं. | स्थान | मिति | समय |
|---|---|---|---|
| १ | वडा पालिकाको कार्यालय,स्यालागढीगाउ | २०७५/०२/१० | ११:०० |
| २ | वडा पालिकाको कार्यालय,तल्फीगाउ | २०७५/०२/११ | ११:०० |
| ३ | वडा पालिकाको कार्यालय,छुमचौर | २०७५/०२/१२ | ११:०० |
| ४ | वडा पालिकाको कार्यालय,डिल्लीचौर | २०७५/०२/१३ | ११:०० |
| ५ | वडा पालिकाको कार्यालय,पानीधारा | २०७५/०२/१२ | ११:०० |
| ६ | वडा पालिकाको कार्यालय,उर्थु | २०७५/०२/११ | ११:०० |
| ७ | वडा पालिकाको कार्यालय,पटमारा | २०७५/०२/१० | ११:०० |

## विषयगत योजना तर्जुमा गोष्ठीको कार्य तालिका

| सि. नं. | विषयगत समितिको नाम | संयोजक | सदस्य सचिव | मिति | समय | स्थान |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास समिति | श्री काली वहादुर रावत | | २०७५/०२/१८ | विहान ११:०० | |
| २ | सामाजिक विकास समिति | श्री धन वहादुर थापा | | २०७५/०२/१९ | विहान ११:०० | |
| ३ | पूर्वाधार विकास समिति | श्री डिल वहादुर बुढा | | २०७५/०२/२० | विहान ११:०० | |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन समिति | श्री विर्षराम वोहोरा | | २०७५/०२/२० | विहान ११:०० | |
| ५ | सुशासन तथा सस्थागत विकास समिति | श्री कन्न वोहोरा | | २०७५/०२/२१ | विहान ११:०० | |
| ६ | सार्वजनिक सेवा समिति | श्री दत्त वहादुर बुढा | | २०७५/०२/२२ | विहान ११:०० | |
| ७ | विद्यायक समिति | श्री लाल वहादुर बुढा | | २०७५/०२/२३ | विहान ११:०० | |

## गाउ सभा

| सि.नं. | कार्यक्रमको नाम | संयोजक | मिति | समय | स्थान |
|---|---|---|---|---|---|
| १ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | | २०७५/०२/२८ | विहान ११:०० | |
| २ | गाउ कार्यपालिकाको बैठक | | २०७५/०२/३० | विहान ११:०० | |
| ३ | गाउ सभा | | २०७५/०३/०१ | विहान ११:०० | |

Scanned with CamScanner

निर्णय नं -६

श्री चुकेनीखोला विद्युत सहकारी संस्था लि.,पातारासी ७, गढीगाउ, जुम्लाको च.नं -३७, मिति २०७५/०१/२१ गतेको प्राप्त पत्रानुसार साविकको उक्त सहकारीले तयार गरेको DPR भन्दा बढी विद्युत क्षमता वृद्धि गरी ९९० कि.वा.को विद्युत उत्पादन हुने सम्भावना देखिएको हुंदा उक्त कार्यको लागि सर्भेक्षण,उत्पादन,प्रसारण एवं वितरण अनुमति माग भै आएको हुंदा दुई वर्षभित्र उक्त कार्य सम्पन्न गरी गाउ कार्यपालिकामा प्रतिवेदन पेश गर्ने गरी अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं -७

यस पातारासी गाउपालिकालाई भारतीय राजदुतावासबाट वस्तुगत सहयोग स्वरुप प्राप्त भएको टाटा एम्बुलेन्स मिति २०७४/१२/१२ गते बिरामी पुर्याइ कार्यालयमा फर्कने क्रममा पातारासी गाउपालिका,वडा नं -५ अन्तर्गत लासी पानीधारा नजिकैको कच्ची सडकमा एक्कासी एम्बुलेन्स अनियन्त्रित भै बाटो भन्दा तल खसी दुर्घटना हुंदा मानवीय क्षति नभए पनि एम्बुलेन्सको अगाडीको सिसा समेत फुटी नराम्ररी क्षति भएकोले तत्काल उक्त एम्बुलेन्स मर्मत गर्न सुर्खेत तर्फ पठाई सकेको हुंदा मर्मत गरी प्राप्त हुन आएको लागत अनुमान बमोजिम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं -८

पातारासी गाउपालिका अर्न्तगतका वडा कार्यालयहरुलाई सवारी साधनका लागि एक-एक वडा मोटरसाईकिल उपलब्ध गराइ सकेको तर वडा कार्यालयमा बजेट न्युन भएको हुंदा प्रत्येक वडा कार्यालयलाई तेश्रो चौमासिक अवधिका लागि देहाय बमोजिम मोटरसाईकिल मर्मत तथा ईन्धन उपलब्ध गराउने निर्णय गरियो साथै गाउकार्यपालिकाका महिला सदस्यहरुलाई एक-एक वटा मोबाईल उपलब्ध गराउने निर्णय गरियो ।

**तपसिल**

क) तेश्रो चौमासिक अवधिको एकमुष्ठ मर्मत खर्च रु.६,०००।००

ख) तेश्रो चौमासिक अवधिको प्रति महिना १० लिटर पेट्रोल (इन्धन)

निर्णय नं -९

आ.व.०७४/७५ मा पातारासी गाउपालिका अन्तरगत उपभोक्ता समितिबाट ठूलो मेशीन प्रयोग गरि सञ्चालित जटिल प्रकृतिको कार्य भनी प्राविधिकबाट शिफारिस गरि सम्पन्न भएका योजनाहरुका हकमा भुक्तानी को सहमति समर्थन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner